श्री सचिव,
राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७८ बमोजिम देहाय बमोजिमको संकल्प पेश गर्ने अनुमतीका लागि सुचना दिएको छु ।

संकल्प

समाजमा बालबालिका बिरुद्ध यौन हिंशाका घटनाहरु बढिरहेको; डर त्रास, लोभ, लालच वा यस्तै बिभिन्न शारिरिक र मानसिक अवस्थाका कारण बालबालिकाले समयमै घटनाको उजुरी दिन नसकेको र उजुरी दिनको लागि सक्षम भइसक्दा उजुरी दिने हदम्यादको कारण पिडितले न्याय नपाउने र पिडकले सजायबाट उन्मुक्ति पाउने अवस्था देखिएकोले बालबालिका संरक्षण सम्बन्धि ऐन २०७५ दफा ७४, उपदफा २ र मुलुकी अपराध संहिता २०७४ को दफा २१९ उपदफा २ मा रहेको यौन अपराध बिरुद्ध उजुरि दिने हदम्याद सम्बन्धि ब्यवस्था हटाउनुका साथै दण्ड सजायको व्यवस्थासमेत पुनरावलोकन गर्न जरुरी देखिएको छ। त्यसैले, माथि उल्लेखित कानुनहरुमा

१) बाल यौन दुर्ब्यब्यबहारको कसुरमा सजायको लागि उजुरी दिने हदम्याद सम्बन्धि ब्यवस्था पुर्ण रुपमा हटाउने

२) बालबालिका बाहेक अन्यको हकमा समेत बलात्कार जस्तो जघन्य अपराधमा उजुरी दिने हदम्याद सम्बन्धि ब्यवस्थाको पुनरावलोकन र पुनर्विचार गरि आवस्यक संसोधन गर्ने

सम्बन्धित मन्त्रालयः कानुन, न्याय तथा संसदिय ब्यवस्था मंत्रालय
मितिः १३ ज्येष्ठ २०८९

भवदीय,

प्रस्तावकः

कमला पन्त

समर्थकहरुः

बिमला राइ पौड्याल	बिमला घिमिरे	[illegible]
प्रमिला कुमारी यादव	मदन कुमारी शाह (गरिमा)	तुल प्रसाद विश्वकर्मा
खिमलाल देवकोटा	शेखर कुमार सिंह	